# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कृषि विकास शाखा
## रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

प.सं.: ०७७।७८ मिति : २०७७/०५/२८
च.नं.

**सूचना । सूचना ॥ सूचना ॥।**

मुसिकोट नगर कार्यपालिका कृषि विकास शाखा को आ.वा.२०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार युवा लक्षित स्वरोजगार कार्यक्रम र अति विपन्न, व्दन्दपिडित तथा अपाङ्ग लक्षित कार्यक्रम अन्तर्गत व्यावसायिक तरकारी खेती तथा व्यावसायिक च्याउ खेती कार्यक्रम संचालन गर्नु पर्ने भएको हुंदा तपसिल बमोजिमको मापदण्डमा परेका ईच्छुक कृषकहरुका लागि सूचना प्रकाशन भएको मिति देखि १५ दिन अर्थात मिति २०७६/०६/११ गते भित्र दरखास्त दिनहुन यो सूचना प्रकाशित गरिएको छ । **रित नपुगेको र सूचनाको म्याद नाघि पर्न आएको निवेदन उपर कारवाहि नहुने व्यहोरा जानकारी गराईन्छ ।**

**तपसिल :**

१. नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
२. जग्गा धनि प्रमाण पत्रको प्रतिलिपी( सगोल परिवारको अन्य कसैको नामको जग्गा भए वडा कार्यलयबाट नाता प्रमाणित वा जग्गा धनिको मन्जुरीनामा हुनु पर्ने छ ।
३. सम्बन्धित वडा कार्यालयको सिफारीस ।
४. रु १० को टिकट टाँस गरेको निवेदन ।( निवेदनमा तरकारी खेती वा च्याउ खेती गर्ने स्पष्ट खुलाएको हुनु पर्नेछ )
५. युवा लक्षित स्वरोजगार कार्यक्रममा दरखास्त दिनेहरुका लागि
   - कृषि प्राविधिक शिक्षा अध्ययन गरि वेरोजगार बसेका व्यावसायिक तरकारी खेती वा व्यावसायिक च्याउ खेती गर्न चाहने युवाहरु (उमेर १८ वर्ष देखि ४० वर्ष) सर्टिफिकेटको प्रतिलिपि पेश गर्नु पर्ने छ ।
   - विदेश बाट फर्केका शिप सिकेका व्यावसायिक च्याउ खेती वा व्यावसायिक च्याउ खेती गर्न चाहने युवाहरु (उमेर १८वर्ष देखि ४० वर्ष वैदेशिक रोजगारमा गएको प्रमाणको प्रतिलिपी पेश गर्नु पर्ने छ ।
   - करारमा जग्गा लिई व्यावसायिक तरकारी खेती गर्न चाहने युवाहरु (उमेर १८ वर्ष देखि ४० वर्ष)
६. अतिविपन्न, दण्डपिडित तथा अपाङ्ग लक्षित कार्यक्रममा दरखस्त दिनेहरुका लागि
   - आर्थिक रुपले गरिव(अतिविपन्न) आफ्नै जग्गामा वा जग्गा भाडमा लिई व्यावसायिक रुपमा च्याउ खेती वा तरकारी खेती गर्न चाहने कृषकहरु ।
   - शारिरीक रुपले अपाङ्ग तर तरकारी खेती वा च्याउ खेती व्यावसाय संचालन गर्न **आफैं गर्न सक्ने** ईच्छुक कृषकहरु ।
   - व्दन्दपिडित (महिला वा पुरुष) व्यावसायिक रुपमा तरकारी खेती वा च्याउ खेती गर्न चाहने कृषकहरु ।

**थप जानकारीका लागि :**

मुसिकोट नगरकार्यपालिका
कृषि विकास शाखा रुकुम पश्चिम
**मो.नं. ९८६६५३९१६९ , ९८४४९७०२७९**

..........................
**(प्रेम बहादुर खत्री )**
**कृषि अधिकृत (छैठौं)**

# यूवा लक्षित स्वरोजगार कार्यक्रम निवेदनको ढाँचा

श्रीमान शाखा प्रमुख ज्यू                                                    मिति ...............
मुसिकोट नगरकार्यपालिका, कृषि विकास शाखा
रुकुम (पश्चिम)

विषय : यूवा लक्षित स्वरोजगार कार्यक्रम सहभागि गराई अनुदान उपलब्ध गराई दिने बारे ।

उपरोक्त विषयमा मुसिकोट नगरपालिका..........नं. वडा ....................गाऊँ / टोल मा बस्ने वर्ष.........को म.......................................कृषि प्राविधिक शिक्षामा............................ अध्ययन गरि बसेको / वैदेशिक रोजगारमा .......................देश गई फर्केको हाल कृषि व्यावसाय गर्ने ईच्छा गरेकोले आ.व.२०७७/०७८ मा यस शाखा बाट संचालन गरिने **व्यावसायिक तरकारी खेती/व्यावसायिक च्याउ खेती** गर्न युवा लक्षित स्वरोजगार कार्यक्रममा सहभागि गराई अनुदान उपलब्ध गराई दिनहुन रु १०।० को हुलाक टिक टाँस गरि यो निवेदन पेश गरको छु।

निवेदनको साथ संलग्न कागजातहरु

१. नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
२. जग्गा धनि प्रमाण पुर्जा/ मन्जुरीनामा/ करारनामा कागजातको प्रतिलिपी ।
३. कृषि प्राविधिक शिक्षाका सर्टिफिकेटको प्रतिलिपी/वैदेशिक रोजगारमा गएको प्रमाणको प्रतिलिपी ।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

निवेदक
नाम :
ठेगाना :
दस्तखतः

# अतिविपन्न, दण्डपिडित तथा अपाङ्ग लक्षित कार्यक्रम निवेदनको ढाँचा

श्रीमान शाखा प्रमुख ज्यू                                                                 मिति ...............
मुसिकोट नगरकार्यपालिका, कृषि विकास शाखा
रुकुम (पश्चिम)

विषय : अतिविपन्न, दण्डपिडित तथा अपाङ्ग लक्षित कार्यक्रम को अनुदान उपलब्ध गराई दिने बारे ।

उपरोक्त विषयमा मुसिकोट नगरपालिका..........नं. वडा ....................गाऊँ / टोल मा बस्ने वर्ष.........को म...................................... आर्थिक रुपमा अतिविपन्न/ दण्डपिडित/शारिरीक रुपले अपाङ्ग भएकोले आ.व.२०७७/०७८ मा यस शाखा बाट संचालन गरिने **व्यावसायिक तरकारी खेती/व्यावसायिक च्याउ खेती** गर्न अतिविपन्न, दण्डपिडित तथा अपाङ्ग लक्षित कार्यक्रम सहभागि गराई अनुदान उपलब्ध गराई दिनहुन रु १०।० को हुलाक टिक टाँस गरि यो निवेदन पेश गरको छु ।

निवेदनको साथ संलग्न कागजातहरु
१. नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
२. जग्गा धनि प्रमाण पुर्जा/ मन्जुरीनामा/ करारनामा कागजातको प्रतिलिपी ।
३. अतिविपन्न, दण्डपिडित तथा अपाङ्गताको प्रमाण पत्रको प्रतिलिपि ।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

निवेदक
नाम :
ठेगाना :
दस्तखत: